# ११ पावलको पृष्ठभूमि र बोलाहट

*यस अध्यायका मूल पदहरूः* प्रेरित ९:१, फिलिपी ३:६, १ कोरन्थी १५:१०, प्रेरित ९:१-२२, प्रेरित २६:१८, गलाती २:१-१७।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल पदः* **"तर परमेश्वरले आनानियसलाई भन्नुभयो "जाऊ! मैले त्यस मानिसलाई मेरो निम्ति काम गर्नको निम्ति नियुक्ती गरेको छु। यहूदि नभएकाहरू र तिनीहरूका राजाहरूकहाँ सामु मेरो नाउँ तिनले बोकेर लानेछन्। इस्राएलमा मेरो नाउँ उनले ल्याउनेछन्। मेरो निम्ति तिनले कतिको कष्ट पाउनेछन् भनेर पनि म तिनलाई देखाउनेछु"" (प्रेरित ९:१५,१६ रूपान्तरित)।**

**नयाँ करारमा भएका विभिन्न उल्लेखनीय व्यक्तिहरूमा पावल पनि एक जना हो।** पावल भनेर नामाङ्करण गर्नुभन्दा पहिले उनलाई टार्ससको सावल भनेर सम्बोधन गरिन्थ्यो। जसरी इस्राएलीहरूको निम्ति मोशाले जुन् भूमिका खेले, सुरूका इसाईहरूको निम्ति पावलले पनि त्यस्तै भूमिका खेलेका थिए। फरक यतिमात्रै थियोः मोशाले अन्य जाति अर्थात् इजिप्ट वा मिश्रदेशबाट परमेश्वरका जनहरूलाई उहाँको इच्छा पालन गर्न निकालेर ल्याएका थिए भने पावलले परमेश्वरको वचन अन्य जातिहरूको बीचमा पुऱ्याए जसले गर्दा ती विदेशी वा अन्य जाति कहलाइने मानिसहरूले पनि परमेश्वरको इच्छा पालन गरुन्।

प्रथम् शताब्धीका विभिन्न इसाईहरू मध्येमा पावलको बारेमा **धेरै जानकारी भएको पाइएको छ।** विगत २,००० वर्षसम्म येशूको बारेमा प्रचार प्रसार गर्न इसाई जगतमा पारेको प्रभाव उनको महत्त्वपूर्ण कामले गर्दा भएकोले नै उनलाई सम्झिएको पाइन्छ। भूमध्यीय सागर अर्थात् मेडितरेनियन सागरको वरिपरि रहेका देशहरूमा भएको उनको यात्रा र सुसमाचार प्रचार गर्ने शैली आउँदो येशूको बारेमा प्रचारप्रसार गर्ने नियोगहरूको निम्ति अत्यन्त प्रभावकारी तथा अनुकरणीय उदाहरण बनेको छ।

यहूदि धर्म तथा संस्कारमा बन्धक बनाइएका बाइबलका सत्य ज्ञानहरूलाई निकालेर उचाईंमा राख्ने श्रेय पावललाई नै दिइएको छ।

यहूदि संस्कृति तथा संस्कारहरूका विभिन्न व्यवस्था तथा विधिहरू यहूदिहरूको जीवनमा यस्तरी बुनिएका थिए कि यहूदि चालचलन र सारा संसारको निम्ति तिनीहरूले सोचेका परमेश्वरको अनन्तको सुसमाचारको बारेमा केही फरक नभएको देखिन्थ्यो।

नयाँ करारमा येशू पछि दोस्रो अत्यन्त महान् व्यक्तित्वको रूपमा चिनिएको पावलको बारेमा यस अध्यायमा नियाल्नेछौं।

## १. तार्ससको सावल (प्रेरित २२:२५-२८)

तार्ससमा सावल जन्मेका थिए। त्यो सिरिया र पश्चिम एशियाको (प्रेरित २२:३) बीचमा रहेको  व्यापार मार्गको महत्त्वपूर्ण शहर थियो। विभन्न संस्कृति र रहनसहनको थलो तार्सस व्यापार र शिक्षणसंस्थाहरूको पनि केन्द्रविन्दु थियो। रोमको अत्यन्त वक्ता र राजनैतिक नेता सिसिरोले पनि त्यस ठाउँमा केही समयको निम्ति आफ्नो घर बनाएका थिए।

सावलका मातापिता आप्रवासी यहूदिहरू थिए  अर्थात् तिनीहरू इस्राएल देशबाट बिदेशिएका यहूदिहरू थिए। तिनीहरू बेन्जामित कूलका यहूदिहरू थिए। उनको न्वारानको नाउँ सावल थियो (हिब्रू भाषामा शावोल sha’ul अर्थात् परमेश्वरको निम्ति मागिएको)। तर जब उनले अन्यजातिहरूको बीचमा सुसमाचार प्रचार गर्ने काममा लागे (प्रेरित १३:९) तब उनले आफूलाई पावल भन्न थाले (यो ल्याटिन भाषाको पावलुस Paulusबाट आएको यो। यो नाउँ एक प्रतिष्ठित रोमी परिवारको नाउँ थियो)। उनी फरिसी भएकै कारणले उनको बिवाहित भएको हुनुपर्छ (फरिसी धर्मगुरूको पद लिन विवाहित हुनुपर्ने धार्मिक नियम थियो)। तर उनको श्रीमतीको बारेमा हामीलाई केही पनि जानकारी छैन। यथार्थमा भन्ने हो भने पावलको परिवारको बारेमा हामीलाई धेरै जानकारी छैन। तर उनको बहिनी र भतिजा थिए भनेर प्रेरित २३:१६मा उल्लेख गरिएको छ। पावल जन्मले रोमी नागरिक पनि थिए (प्रेरित २२:२५-२८)।

बार्‍ह वर्ष नपुगुञ्जेल सावललाई तार्ससको सिनिगग अर्थात् यहूदि आराधना स्थलमा शिक्षादीक्षा लिएको हुनुपर्छ। त्यसपछि उनले यरुशलेमको प्रख्यात धर्मगुरू रबी गमालिएलसंग शिक्षादीक्षा ग्रहण गरेका थिए (प्रेरित २२:३) (रबी भन्ने पद अत्यन्त सम्माननीय थियो

अर्थात् नेपाली परिवेशमा स्वामी भनेपनि हुन्छ)। प्रत्येक यहूदि पुरुषले कुनै न कुनै पेशामा दक्षता हासिल गर्नुपर्छ। त्यसै अनुसार उनले पाल बनाउने काम गर्दथे (प्रेरित १८:३)।

पावल फरिसी पण्डित वा धर्मगुरू थिए (फिलिपी ३:५)। फरिसीको अर्थ "छुटयाइएको" हो। मोशाले लेखेका र अरू धर्मगुरू वा शास्त्रीहरूले लेखेका परम्पराबाट आएका व्यवस्थाहरूलाई परमेश्वरबाट आएको हो भनेर विश्वास गर्नु प्रत्येक यहूदिको धर्म थियो। ती यहूदिहरू आफ्नो देशप्रति कडा भक्त भएकोले र यहूदि व्यवस्थाहरू कठोर रूपमा पालन गर्नुपरेकोले बाहिररूपमा हेर्दा तिनीहरू पाखण्डी र अरूको न्याय गरिरहने खालका मानिसहरू हुन् भनेर देखिन्थे। आफू र आफ्ना पिता फरिसी हुन् भन्ने कुरालाई पावलले लुकाएका थिएनन् (प्रेरित २३:६)।

फरिसी पण्डित वा धर्मगुरू भएको पृष्ठभूमिले गर्दा नै उनी यहूदि र अन्य जातिहरूको बीचमा सुसमाचार फैलाउने काममा उनलाई सफलता मिलेको थियो। पावललाई पुरानो करारको बारेमा धेरै ज्ञान थियो अर्थात् उनी पुरानो करारका धुरन्धर विद्वान थिए। पछिका शास्त्री वा धर्मगुरूले पुरानो करारमा थपिएका व्यवस्था अर्थात् रीतिथितीहरूको बारेमा पनि उनलाई राम्रै ज्ञान थियो। त्यसकारण युगौं युगसम्म ताजा भइरहने बाइबलका सत्य ज्ञानहरू र पछि यहूदि संस्कार तथा संस्कृति वा परम्पराले थपेका विद्याहरूको बीचमा भएको भिन्नताको बारेमा छुटयाउन अत्यन्त निपुण वा दक्षता भएका पावल प्रेरित अर्थात् धर्मगुरू वा धार्मिक अगुवा थिए। अन्य जातिहरूबाट येशूलाई विश्वास गर्नेहरूले पछि थपिएका व्यवस्थाहरूलाई मान्न कर थिएन। हामीले अगाडि नै हेरिसकेका थियौं कि बाइबलमा थपिएका रीतिथितीहरू इसाईहरूले मान्नुपर्छ कि पर्दैन भन्ने विषयले गर्दा सुरूका चर्चमा ठूलो विवाद आएको थियो। आज पनि देशविेदेशका विभिन्न उल्लेखनीय संस्कार र संस्कृतिले गर्दा चर्चमा अनेकन् विषयहरू उब्जन्छन् जुन् चर्चले सम्बोधन गर्नुपरिरहेको हुन्छ।

**हामीहरूको वरिपरि रहेका संस्कार तथा संस्कृतिमा कुन कुन् खालका रहनसहन वा संस्कारहरू छन् जुन् येशूको विद्यासँग सहमत छैन सोच्नुहोस्। तपाईं आफ्नो बिश्वासमा अडिग भइरहनुपर्ने परिप्रेक्ष्यमा ती**

अमिल्दो संस्कारहरूसँग कसरी सामना गरेर बस्ने खुबी पाउनुभएको छ वा तिनीहरूसँग सम्झौता नगरि तिनीहरूसँग कसरी मिलेर बस्न सक्नुभएको छ?

## २. पावल, उनको व्यक्तित्व (फिलिपी ३ः६,९)

हामीहरूको पृष्ठभूमि, घरेलु जीवन, संस्कार तथा संस्कृति र शिक्षामा हामी को हौं भनेर देखाउँछौं। त्यसकारण हामीहरूको चरित्र, स्वभाव ती तत्वहरूको समिश्रणको उपज हो।

पावलको व्यक्तित्व, उनको चरित्र तथा स्वभावको बारेमा देहायका पदहरूले कसरी बताउँछ, हेर्नुहोस्ः प्रेरित ९ः१,२ "१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे।", फिलिप्पीहरुलाई ३ः६-९ "६ जोशको विषयमा हो भने मण्डलीलाई सताउने, धार्मिकताको विषयमा हो भने व्यवस्थामा भएको धार्मिकताबमोजिम निष्खोट ठहरिएको हुँ। ७ तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठानें। ८ साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु। ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, ९ र सम्पूर्ण रूपले म उहाँमा भएको पाउन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो।", १ कोरन्थी १५ः९,१० "९ किनकि प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैनँ। किनभने मैले परमेश्वरको मण्डलीलाई खेदो गरें। १० तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन। बरु मैले त तिनीहरू सबैले भन्दा बढ़ी परिश्रम गरें। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो।", १ तिमोथी १ः१४-१७ "१४ ख्रीष्ट येशूमा भएको विश्वास र प्रेमको साथ मेरो निम्ति हाम्रा प्रभुको अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। १५ यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू

ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। १६ तर यसकारण मैले कृपा पाएँ, कि पापीहरूमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू ख्रीष्टले आफ्नो असीम धैर्य प्रकट गर्न सकून्, ताकि उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरूका लागि म एउटा उदाहरण बन्न सकूँ। १७ युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन।", गलाती १:१४ "हाम्रा जातिमा, मेरा दौंतरीहरू धेरैलाई उछिनेर म यहूदी धर्ममा अगि बढ़ेको थिएँ, र मेरा पिता-पुर्खाको परम्परामा म ज्यादै जोशिलो थिएँ।" २ कोरन्थी ११:२१-३३ “२१... तर कसैले कुनै कुरामा घमण्ड गर्छ भने, म पनि ती कुरामा घमण्ड गर्छु। हो, म मूर्खझैं बोल्दैछु। २२ के तिनीहरू हिब्रू हुन्। म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ– पागलझैं म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरें। कैदमा अझ धेरै पल्ट परें। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परें। २४ पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। २५ तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढ़ेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। २६ मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परें, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। २७ परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परें। २८ अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ। २९ को दुर्बल छ र मचाहिँ छैनँ? को पापमा फसाइएको छ र मचाहिँ व्याकुल हुँदिनँ?

३० मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु। ३१ प्रभु येशूका परमेश्वर र पिता, जो सदासर्वदा धन्य हुनुहुन्छ, उहाँले जान्नुहुन्छ, कि म ढाँट्दिनँ। ३२ दमस्कसमा अरितस राजाका हाकिमले मलाई पक्रन दमस्कस सहरमा पहरा राखेका थिए। ३३ तर पर्खालको एउटा झ्यालबाट डालोमा राखेर मलाई तल झारिदिएको हुनाले म तिनका हातबाट उम्कें।"

पावल चानचुने व्यक्ति थिएन, उनी अत्यन्त भावुक व्यक्ति थिए। उनमा कडा भावनाहरू थिए। उनको आत्मपरिवर्तन वा नव जीवनको अनुभव पाउनुभन्दा अघि उनले भर्खर सुरूभएको चर्चलाई नाश गर्ने महत्त्वाकांझा राखेका थिए। स्टिफनलाई ढुङ्गाले हानेर हत्या गर्दा उनले समर्थन जनाएका थिए (प्रेरित ७:५८)। येशूलाई विश्वास गर्ने महिला र पुरुषहरूलाई झ्यालखानामा राख्ने काममा उनले अग्रसर्ता देखाएका थिए (प्रेरित ८:३)। चेलाहरूलाई हत्या गर्न उनले षडयन्त्र गरे वा धम्की दिए (प्रेरित ९:१)। आफ्नो देशमामात्र होइन, बिदेशमा पनि येशूका विश्वासीहरूलाई आक्रमण गर्न जत्था बनाए (प्रेरित ९:२, गलाती १:१३)।

तर फेरि यो पनि हामीले थाहा पाउनुपर्छ कि पावल जुन जोशमा चलेका थिए उनको निम्ति असलै भएको साबित भए। ठूलो चुनौति र ठूलो कष्टलाई सामना गर्दै उनले सुसमाचार प्रचार गर्न आफूलाई अर्पण गरे। केवल पूर्ण रूपमा समर्पण भएको मानिसले मात्र पावलले जे गऱ्यो त्यही गर्न सक्छ। ख्रीष्टको निम्ति उनले सबै थोक गुमाए। तर आफूले गुमाएका सबै थोक उनको निम्ति फोहर मैला जस्तो मानेका थिए। ग्रीक भाषामा त्यो फोहर मैला शब्द काम नलाग्ने वस्तुहरू भनेर जनाउँछ। आफ्नो जीवनमा के महत्त्वपूर्ण छ र केले प्राथमिकता पाउनुपर्छ, र के महत्त्वपूर्ण छैन र केलाई पन्छाउनुपर्छ भन्ने कुरामा पावल यकिन थियो।

पावल अत्यन्त झुकिएको नम्र व्यक्ति पनि थियो। विगत समयमा इसाईहरूलाई सास्ती दिंदा उब्जेको दोषीमनस्थितिले पनि उनलाई नम्र बनाएको हुनुपर्छ। त्यसकारण आफूलाई उच्च बोलाहतको निम्ति (वा इसाई भन्न) सुहाउँदैन वा योग्य छैन भनेर उनले आत्मआलोचना गर्दै व्यक्त गरेका थिए। फेरि हामीहरूमा भएको मुक्तिको आशाको निम्ति ख्रीष्टको धार्मिकताको बारेमा प्रचार गर्दा आफू पवित्र परमेश्वरको सामु कस्तो पापी रहेछु भनेर पावलले स्वीकारेका थिए। यस्तो खालको आत्मज्ञानले पावललाई नम्र तुल्याउन, समर्पित जीवन बिताउन र कृतज्ञता हुन पुगेको थिए।

"परमेश्वरको महिमित किरणको एक झल्कोले, ख्रीष्टको शुद्ध चरित्रको अलिकति झल्यास्सले प्रत्ये पिडादायी पाप सफाहुनेले गर्दा

मानव चरित्रको कमजोरीपनालाई उदाङ्ग पार्दछ। त्यसले हामीहरूको अपवित्र आकांक्षाहरू, हामीहरूको पापी हृदय र हामीहरूको ओठबाट बोलेको अशुद्ध बोलीको भन्दाफोर गर्दछ।"-एलेन जी ह्वाइट, स्टेपस टु क्राइस्ट, पृ. २९बाट रूपान्तरित।

हामी कोही पनि हामीहरूको घमण्ड, सेखी आदिबाट सुरक्षित छैनौं। त्यस पापबाट सुरक्षित हुन वा त्यसलाई पखाल्न हामीहरूले क्रुसतिर मध्य नजर हालेर किन चल्नुपर्छ?

## ३. साऊलबाट पावल (प्रेरित ९:१-२२)

पावलको जुन् नाटकिय रूपमा आत्मपरिवर्तन भएको थियो त्यसले गर्दा उनलाई सुसमाचार प्रचार गर्न खुबी प्रदान गऱ्यो। उनको आस्थामा परिवर्तन र उनले पाएको सुसमाचार प्रचार गर्ने मन, बचन र कर्मको प्रतिवद्धता कसरी पाए, हेर्नुहोस् देहायका पदहरूमाः प्रेरित ९:१-२२ “१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, “शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?” ५ तिनले भने, “प्रभु, तपाईं को हुनुहुन्छ?” अनि उहाँले भन्नुभयो, “म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।” ७ तिनको साथमा जाने मानिसहरूले सोरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, “ए हननिया।” तिनले भने, “प्रभु, हाजिर छु।” ११ तब प्रभुले तिनलाई भन्नुभयो, “उठ, र ‘सीधा’ नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका

एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका हात राखेका देखेका छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु। १४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट तिनले पाएका छन्।" १५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, १६ किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" १७ तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाइ शाऊल, जुन प्रभु येशू तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८ तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे। २० अनि तुरुन्तै तिनले सभाघरहरूमा येशूको घोषणा यसरी गरे, "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।" २१ तब सुन्नेहरू जति सबैले अचम्म मानेर भने, "यो नाउँ लिने जतिलाई यरूशलेममा संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने अभिप्रायले आउने यही होइन र?" २२ तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए, र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई अकमक्क पारिदिए।" र प्रेरित २६:१५-१८ "१५ "अनि मैले भनें, 'हे प्रभु, तपाईं को हुनुहुन्छ?' प्रभुले मलाई भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताइरहेछौ। १६ तर उठ र आफ्ना पाउमा खड़ा होऊ, किनभने ममा तिमीले देखेका र मैले तिमीलाई देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म तिमीकहाँ देखा परेको छु। १७ म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।'

सुरूदेखि नै परमेश्वरले पावललाई यहूदि र अन्य जाति अर्थात् यहूदि जाति नभएकाहरूलाई सुसमाचार सुनाउन प्रयोग गर्ने योजना स्पष्ट थियो। उनको आत्मपरिवर्तनले गर्दा सुसमाचार प्रचार गर्न र सुसमाचारको बारेमा सिकाउन जुन जोश उनमा पसेको थियो त्यो जस्तो उल्लेखनीय तालिम अरू थिएन। जब उनले येशूको बारेमा गवाही दिनुहुन्छ तब प्रायजसो आफ्नो आत्मपरिवर्तनको बारेमा उनले सुनाउँथ्यो।

“अब जाग, उठ। आफ्नै खुट्टामा उभिन सक। मलाई सेवा गर्न र मेरो साक्षी बन्ना मैले तिमीलाई नियुक्ति गर्न म तिमीकहाँ देखा परेको छु। तिमीले आज मलाई देखेको कुरा अरूलाई भन्ने छौ। तिम्रो सामु म आफै फेरि देखा पर्नेछु भन्ने कुरालाई पनि तिमीले अरूलाई भन्ने छौ।" (प्रेरित २६:१६ रूपान्तरित)। पावल आफै नभोगेको र थाहा नपाएको कुरा अरूलाई सिकाउन वा प्रचार गर्न सक्दैनथे। तर जहिले पनि परमेश्वरको वचन वा बाइबललाई नै मध्यनजरमा राखेर उनले आफ्नो अनुभव र परमेश्वरको बारेमा आत्मज्ञान उनले अरुलाई सिकाउँथे र प्रचार गर्थे। (रोमी १:१-३मा उनले यसरी बताउँछन् “१ म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको, र परमेश्वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ, २ जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो। ३ यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो।"

**पावलको अथक र कर्मठ परिश्रमको परिणाम के हुने थियो होला त? हेर्नुहोस् प्रेरित २६:१७,१८ “१७ म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।’**

प्रभु येशूले पावललाई दिनुभएको सुसमाचार प्रचार गर्ने निर्देशनले पाँचवटा नतिजाहरू ल्याउनेछन् भनेर देखाउँदछः

१. मानिसहरूको आँखा खोलिनेछन्। परमपिता सृष्टिकर्ता परमेश्वर र येशूलाई मानिसहरूको बीचमा वास्तविक, अर्थमूलक रूपमा, सक्रिय हुनुपर्छ र त्यसकै साथै र उनको मायाप्रति आकर्षित गराउने गरि प्रस्तुत गर्नुपर्छ। (अनि मानिसहरू आफू को हो र परमेश्वर को हुनुहुन्छ भनेर चिन्न आँखा खोलिएका हुन्छन्)।

२. अन्धकारबाट ज्योतिमय र आत्मज्ञानमा सर्नु नै सुसमाचारको आधारभूत अर्थात् मूल विषयबस्तु हो। (हेर्नुहोस्ः लूका १:७८,७९ "हाम्रा परमेश्वरका कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ, ७९ र अन्धकार र मृत्युको छायामा बस्नेहरूलाई ज्योति मिल्नेछ, र हाम्रा पाउ शान्तिको बाटोतिर डोऱ्याइनेछन्।"

३. शैतानको शक्तिबाट फुट्केर परमेश्वरतिर फर्काउनेछ।

४. सारा पापको क्षमा मानिसहरूले पाउनेछन्। पाप, अधर्म र दुष्टताका समस्याहरू कसरी समाधान हुन्छन् भनेर सुसमाचारले नै सिकाउँदछ। येशूलाई विश्वास गर्ने सबैको निम्ति यो जीवनलाई स्फुर्त बनाउने, मनलाई हलका बनाउने र स्वस्थ बनाउने मूल सन्देश हो।

५. पवित्र तथा धर्मी जनकोहरूको बीचमा रहने अबसर सुसमाचारलाई ग्रहण गर्दा पाइन्छ। त्यसको अर्थ हामीहरू जुनसुकै वर्ण, जाति, राष्ट्र र स्त्री वा पुरूष किन नहोस् हामीहरू परमेश्वरको पवित्र मन्दिर वा चर्चको सदस्य हुने हक पाउँछौं।

**मानौं कसैले तपाईंलाई यो सोध्यो रे "तपाईं आफूलाई क्रिस्चियन वा इसाई भन्नु हुन्छ। येशूको बारेमा तपाईंले सुनाउनुहुन्छ तर येशूको बारेमा तपाईंको व्यक्तिगत अनुभव के छ?" भनेर सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ?**

## ४. पावल मिसन वा काम गर्ने क्षेत्रमा (रोमी १५:१९)

**सुसमाचार प्रचार गर्ने काममा सक्रिय हुन हामीलाई के चाहिने रहेछ भन्ने अत्यन्त महत्त्वपूर्ण सत्य ज्ञान देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्ः रोमी १५:१९,२० "यो काम चिन्हहरू र आश्चर्यकर्महरूको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु। यसरी मैले यरूशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रूपले प्रचार गरेको छु। २० अरू मानिसले बसालेको जगमाथि घर नबनाऊँ भनेर ख्रीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार**

प्रचार गर्ने उत्कट इच्छा मैले राखेको छु।", १ कोरन्थी १:२३,२४ “तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो। २४ तर ती बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू होऊन् वा ग्रीकहरू होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ।", १ कोरन्थी २:२ “किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।", गलाती ६:१४ “हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ।" र फिलिप्पीहरूलाई १:१५-१८ “१५ कसै-कसैले साँच्चै डाह र शेखीले, तर अरूहरूले सद्भावले ख्रीष्टको प्रचार गर्दछन्। १६ सुसमाचारको सुरक्षाको निम्ति म यहाँ छु भनी जान्नेहरूले यो काम प्रेमले गर्दछन्, १७ तर शेखी गर्नेहरूले चाहिँ मलाई कैदमा कष्ट थपिदिने विचार गरेर, शुद्ध मनले होइन, तर स्वार्थको भावनाले ख्रीष्टको प्रचार गर्दछन्। १८ जे होस्! मूल कुरो यही हो– हरकिसिमले, चाहे बहानामा, चाहे सत्यमा ख्रीष्टको प्रचार गरिओस्, र यसैमा म रमाउँछु।"

पावलले गरेका सुसमाचार कार्यक्रममा एउटा कुराको प्रतिवद्धा उनले जनाएको देखिन्छ। उनी जहाँ गएतापिन ख्रीष्ट र उहाँको क्रुसको बारेमा प्रचार गर्ने विषयवस्तु पावलको निम्ति बिशेष थियो। त्यसमा उनी लाग्दा पावललाई सुरूमा येशूको बारेमा सुसमाचार प्रचार गर्न उनलाई बोलाइएकोप्रति उनी बफादार भएको देखाइएको छ। आज पनि हामीहरूले गर्ने सुसमाचार प्रचारमा यो नीतिलाई हामी स्पष्टरूपमा पालन गर्नुपर्छः हामीहरूको सुसमाचार प्रचार गर्ने काममा जहाँ गएतापनि ख्रीष्टलाई अगाडि र केन्द्रमा राखिनु वा उहाँको भाऊ बढाउने नीतिमा हामी निश्चित हुनुपर्छ। संसारमा येशूको बारेमा तैरियर रहेका कुनै सत्य ज्ञानलाईमात्र सुनाएर आफ्नो बाटोमा पावल लागेका थिएनन्। उनी संसारमा जहाँ गएतापनि चर्चहरू स्थापना गर्न चाहन्थे, इसाई विश्वासीहरूको समूह निर्माण गर्न चाहन्थे र विभिन्न क्षेत्रमा सुसमाचारको प्रभाव पार्न चाहन्थे। स्पष्ट रूपमा भन्ने हो भने चर्चको बिऊ रोप्ने पावलको मूल काम थियो।

त्यो बाहेक पावलको सुसमाचार प्रचार गर्ने काममा अर्को उल्लेखनीय भाग पनि थियो। **पावलले कलस्सी १:२८,२९मा व्यक्त गरेका अभिव्यक्त अत्यन्त संवेदनशील र उल्लेखनीय छन्। उनको त्यस भावनालाई बुझ्दा सुसमाचार प्रचार गर्ने र येशूको चेला वा भक्त हुनुको बीचम अन्तर छ भनेर के हामी ठम्याउन सक्छौं र? हेर्नुहोस्: "२८ प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं। २९ मेरो अन्तस्करणमा उहाँले नै जोड़सँग प्रेरणा दिनुभएको शक्तिअनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु।"**

पावलका धेरैजसो पत्रहरूलाई गहिरिएर हेर्दा उनका पत्रहरूको शैलीमा सुसमाचार प्रचार गर्ने खालका देखिन्दैन। उनले लेखेका धेरैजसो पत्रहरू ती चर्चका समूदायहरूलाई लेखेका थिए जुन् अगावै स्थापना भइसकेका थिए। अर्को शब्दमा भन्ने हो भने उनका पत्रहरूमा समावेश भएका सुसमाचार सन्देशमा प्रायजसो आफू चर्चको अगुवा वा पास्टर जस्तो भएर विश्वासीहरूलाई आत्मिक रूपमा जाग्न र बढ्न प्रोत्साहन गरेका र सहायता गरेका देखिन्छन्।

त्यसकारण पावलको सक्रिय सुसमाचार प्रचार गर्ने काममा कमसेकम तिन मूख्य पक्षहरू समावेश भएको पाइन्छः (१) येशूको बारेमा प्रचार गर्नु (२) चर्चको स्थापना गर्नु र (३) स्थापना गरिएका चर्चका विश्वासीहरूलाई आत्मिक रूपमा पढ्न रेखदेख गर्नु वा सम्भार गर्नु।

**कुनै बेला तपाईंले येशूको बारेमा कसैलाई सुनाउनुभयो रे! त्यसमा येशूलाई कसरी उल्लेखीय रूपमा झल्काउनुभएको छ? जब जब तपाईं प्रचार गर्नुहुन्छ तब तब तपाईंको सन्देशमा येशूलाई नै मूल बिषय बनाएर राख्नु जरुरी छ भनेर कसरी सम्झि रहनुपर्छ?**

## ५. बहुसंस्कृति (मल्टिकल्चर multiculture) अर्थात् विभिन्न धर्म, संस्कार, संस्कृति तथा चालचलनको बीचमा सुसमाचार प्रचार (गलाती २:१-१७)

"बहुसंस्कृति" भन्ने शब्द नयाँ हो। अक्सफोर्ड अङ्ग्रेति शब्दकोषमा यो शब्द प्रथम पटक सन् १९६०मा देखा परेको थियो। नयाँ करारमा केवल दुई वर्ग वा किसिमका मानिसहरूमात्र थिए-हामी र

तिनीहरू, हाम्रो जाति र हामीहरूको जाति बाहेक। ग्रीक अर्थात् युनान देशका नागरिकहरूले बिदेशका सबै मानिसहरूलाई असभ्य जाति भनेर सम्बोधन गर्दथे भने यहूदिहरूले यहूदि नभएका जातिहरूलाई “अन्य जाति वा म्लेच्छ" भनेर सम्बोधन गर्दथे।

हामीले अघि नै हेर्‍यौं कि बिदेशी अर्थात् गैर यहूदि जाति पनि येशूलाई विश्वास गरेर चर्चमा थुप्रिएको कारणले चर्चका अगुवाहरूले यहूदि र गैर-यहूदिहरूको बीचमा भएको पर्खाललाई भत्काउन केही न केही गर्न वाध्य भएका थिए। विदेशी जाति वा गैर-यहूदिहरू इसाई हुन के तिनीहरू पहिले यहूदि हुनुपर्छ र भन्ने विवादले इसाईहरूको बीचमा चर्को रूप लिएको थियो।

त्यस विषयलाई मत्थर वा साम्य पार्न तत्कालिन इसाई अगुवाहरू र विश्वासीहरू एकत्रित भएर साधारण सभा गरेका थिए। त्यसमा सदाको निम्ति यहूदि इसाई र यहूदि नभएकाहरू इसाईहरुको बीचमा भएको पर्खाल भत्काइ दिएको थियो। त्यसैलाई मध्य नजर राखेर पावलले गलाति २:१-२१मा बहुसंस्कृति वा यहूदि र यहूदि नभएका जातिहरूको बीचमा सुसमाचार प्रचार गर्नुको औचित्य के छ भनेर खुलासा गरेका छन्। हेर्नुहोस्ः “१ चौध वर्षपछि बारनाबाससँग तीतसलाई साथमा लिई म फेरि यरूशलेम गएँ। २ ईश्वरीय प्रकाश पाएअनुसार म गएँ, र तिनीहरूका सामुन्ने त्यही सुसमाचार राखें, जो म अन्यजातिहरूलाई प्रचार गर्दछु। तर अगुवाझैं देखा पर्नेहरूका सामुन्ने मैले यो एकान्तमा प्रस्तुत गरें, ताकि मैले जो दौड दौडें वा दौडिरहेको छु, त्यो व्यर्थ नहोस्। ३ तर मेरो साथमा हुने तीतसलाई ग्रीक भए तापनि खतना हुनुपर्छ भनेर कसैले कर लाएन। ४ खतनाको यो कुरा उठ्यो, किनकि कति झूटा भाइहरू हाम्रो दलभित्र गुप्त रूपले पसिकन ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताको चेवा गरी हामीलाई बन्धनमा ल्याउन चाहन्थे। ५ सुसमाचारको सत्यता तिमीहरूका लागि सुरक्षित रहोस् भनेर तिनीहरूका सामुन्ने हामी एकै पलका निम्ति पनि झुकेनौं। ६ प्रतिष्ठित देखा पर्ने व्यक्तिहरू जो थिए– र तिनीहरू जस्ता भए तापनि मलाई त केही फरक पर्दैन, परमेश्वरले मानिसको पनपक्ष गर्नुहुन्न– यिनीहरूले मेरो सन्देशमा केही थपिदिएनन्। ७ तर झन् उल्टो, तिनीहरूले देखे, कि बेखतनाकाहरूलाई सुसमाचार प्रचार गर्ने अभिभारा मलाई दिइएको थियो, जसरी खतनाकाहरूलाई

सुसमाचार प्रचार गर्ने अभिभारा पत्रुसलाई दिइएको थियो। ८ परमेश्वर, जसले पत्रुसको प्रेरितपनद्वारा खतनाकाहरूका बीचमा काम गर्नुभयो, मद्वारा पनि अन्यजातिहरूका बीचमा काम गर्नुभयो। ९ याकूब, केफास र यूहन्ना, जो मण्डलीका खम्बाहरू थिए, तिनीहरूले ममाथि भएको अनुग्रह थाहा पाएपछि मलाई र बारनाबासलाई सङ्गतिको दाहिने हात दिए। हामी अन्यजातिहरूकहाँ जाने र उनीहरूचाहिँ खतनाकाहरूकहाँ जाने भन्ने निश्चय गरे। १० केवल उनीहरूको यही इच्छा थियो, कि गरीबमाथि हाम्रो सम्झना रहोस्। त्यसो गर्न म पनि उत्सुक थिएँ। ११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। १२ याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि डराएका थिए। १३ अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे। यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर गए।

१४ तर जब सुसमाचारको सत्यताबमोजिम तिनीहरू नचलेका मैले देखें, तब तिनीहरू सबैका सामुन्ने मैले केफासलाई भनें, "तपाईं यहूदी भईकन यहूदीजस्तो नभई अन्यजातिहरूजस्तै चल्नुहुन्छ भने, अन्यजातिहरूलाई यहूदीजस्तै जिउन कसरी कर लाउनुहुन्छ?" १५ हामी जन्मैका यहूदी हौं, र अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन। १७ तर यदि ख्रीष्टमा धर्मी ठहरिने प्रयत्न गर्दा हामी पापी भेट्टाइन्छौं भने, ख्रीष्टले पापलाई प्रोत्साहन दिनुहुन्छ त? कदापि होइन। १८ किनकि आफैले भत्काएको कुरा मैले फेरि बनाएँ भने, आफैले आफैलाई म अपराधी हुँ भन्ने साबित गर्छु। १९ किनकि परमेश्वरको निम्ति म जिउन सकूँ भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु। २० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम

**गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो। २१ परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।"**

"पछि जब पत्रुस गैर-यहूदि देश आन्टिओकमा यात्रा गरे त्यसबेला उनले धेरै विश्वासीहरूको मन जित्न सफल भएका थिए किनकि उनले इसाई भएका अन्य जातिहरूप्रति उचित तथा बुद्धिमानी व्यवहार गरेका थिए। सुरूमा उनले स्वर्गबाट दिएको उनले खप्न सकेको आत्मज्ञान अनुसार उनले चलेका थिए। तर पछि आफूमा भएको यहूदि स्वभावको पूर्वाग्रहलाई जितेर अन्य जातिहरूसँगै बसेर खाना खाएका थिए। तर जब यरुशलेमबाट आएका केही यहूदि इसाईहरू जसले इसाई हुन पहिले यहूदि हुनुपर्छ र मन्दिरका रीतिथितिहरू पालन गर्नुपर्छ भनेर सिकाउँथे, तिनीहरूलाई देखेपछि मूर्तिपूजाबाट येशूमा आएका नयाँ विश्वासीहरूप्रति गरेको व्यवहारलाई पत्रुसले परिवर्तन गरे।....यहूदिहरूलाई देखेपछि आफू चोखो बन्न जुन् व्यवहार पत्रुसले देखाए त्यस कमजोरिपनाको उदाहरणले अन्य जाति इसाईहरूको बीचमा गहिरो पिडादायी चोट धेरै समयसम्म परेको थियो। त्यसले गर्दा चर्च नै बिभाजन आउने धक्का परेको थियो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १९८बाट रूपान्तरित।

पावलले पत्रुससँग सामना गरेर आज कहलिने बहुसंस्कृतिबाट आएका मानिसहरूले भरेको चर्चप्रति आफ्नो प्रतिवद्धता देखाएका थिए। उनको पहलमा इसाई भएका अन्य जातिहरू इसाई हुन पहिले यहूदी हुनु पर्दैन भनेर उनले ठोकुवा गरेका थिए। पावल एक फेरा अत्यन्त अतिवादी फरिसी वा यहूदि धर्मगुरू थिए, रब्बी गमलिएलका चेला थिए, रोमी नागरिक थिए, चर्चलाई आक्रमण गर्ने आक्रमणकारी थिए र अन्तमा आफ्नो आस्थामा परिवर्तन गरेर येशू ख्रीष्टको प्रेरित बन्न पुगेका थिए। ती असंख्य पृष्टभूमिहरूले गर्दा पावललाई येशूको असली चेला हुन योग्य बनाए थिए। उनको मिसिएको पृष्ठभूमिले बाइबलको सत्य ज्ञान, अरू संस्कार तथा संस्कृति र धार्मिक रीतिथितिको बीचमा भएको भिन्नता थाहा पाउन उनी दक्ष भएका थिए।

**तपाईंको वरिपरि रहेका संस्कृति, संस्कार, सामाजिक र व्यक्तिगत चालचलन र हामीमा भएका बाइबलको सत्य ज्ञानको भिन्नतालाई कसरी औंल्याउनुहुन्छ?**

**उपसंहार:**

**थप जानकारी: “१९ किनभने म मानिसहरूबाट स्वतन्त्र भए तापनि अझ धेरैलाई जित्न सकूँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ। २० यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ। २१ व्यवस्थाको बाहिर हुनेहरूलाई जितेर ल्याउन सकूँ भनेर व्यवस्थाको बाहिर हुनेहरूका निम्ति म व्यवस्थाको बाहिर भएझैं बनें। तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैनँ, म ख्रीष्टका व्यवस्थाको अधीनमा छु। २२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु।"**

पावलको सुसमाचार प्रचार गर्ने शैलीलाई अपनाउन आधुनिक सुसमाचार प्रचार गर्न अध्ययन गर्ने विद्वानहरूले पावलको उक्त भनाइलाई प्रयोग गरेको पाइन्छ। पावलको उक्त भनाइलाई अङ्ग्रेजीमा कनटेक्स्च्युलाइजेशन (constextualization) भनिन्छ। त्यसको अर्थ विभिन्न संस्कार, संस्कृति, रहनसहन र समुदायको परिवेशलाई मध्यनजरमा राखेर तिनीहरूलाई सुहाउँदो तरिकाले स्थानीय स्तरमा चर्चको स्थापना गर्नु हो। त्यसले मानिसहरूको गहिरो आवश्यकतामा भिजेर येशूप्रतिको विश्वासलाई प्रस्तुत गर्न उक्साउँछ ताकि तिनीहरूमा भएको संसारको दृष्टिकोण फराकिलो र अझ सही होस्। त्यस नीति अपनाउँदा मानिसहरू आफ्नै संस्कार वा रहनसहनमा रहेर येशू ख्रीष्टमाथिको आस्थामा प्रतिवद्धताका साथ चलिरहन प्रोत्साहन दिँदछ (दारेल एल. ह्विटमान, “कनटेक्स्च्युलाइजेशन: द थ्योरी, ग्याप, द च्यालेन्ज" इन्टरनाशनल बुलेटिन अभ मिसिनेरी रिसर्च, ठेली २१ (जनवरी १९९७), पृ. २ बाट रूपान्तरित)।

"यरुशलेमको मन्दिरको वरिपरि रहेका यहूदी इसाईहरूले आफूहरू यहूदि राष्ट्रका नागरिक भएको हुनाले यहूदि संस्कारलाई पालन गरेर आफ्नो हकहित खोज्नु स्वभावै थियो। इसाई चर्चले यहूदि परम्परा, संस्कार र रीतिथितिहरूलाई छोडेको तिनीहरूले देखेका थिए।

नयाँ विश्वासले गर्दा यहूदि संस्कार, संस्कृति, कूलको चिनारी, सम्पदा र पवित्रता नै लोप हुने भएको तिनीहरूले महसुस गरेका थिए। यहूदि धर्ममै मनोक्रान्ति तथा आमूल परिवर्तन ल्याउने खालको सन्देशले गर्दा तिनीहरूले पावलप्रति आक्रोस व्यक्त गरेका थिए। जब यरुशलेममा इसाईहरूको परिषद बसेर अन्यजाति इसाईहरूलाई यहूदि संस्कार तथा रीतिथिति लाद्नुहुन्न भनेर प्रस्ताव पारित गरेका थिए तब येशूका कतिपय चेलाहरूले पनि त्यो स्वीकार गर्न राजी थिएनन्। येशूलाई विश्वास गरेतापनि कतिपय मानिसहरू यहूदि परम्परा अर्थात् रीतिथितिप्रति आवद्ध भएका थिए। धार्मिक क्षेत्रमा तहसनहस ल्याउने काम हुँदा तिनीहरूले पावललाई दोषी बनाएका थिए। यहूदि धर्म, व्यवस्था र परम्परालाई पावलले कमजोर बनाएको ती इसाई भएतापनि यहूदिहरूले महसुस गरेका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. १९७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. पावलको १ कोरन्थी ९:२०मा लेखिएको "यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ।" भन्ने भनाइबाट हामीले के सिक्नसक्छौं जसले गर्दा हामीहरूको सार्बजनिक र व्यक्तिगत सुसमाचार प्रचार गर्ने र गवाही दिने तरिकालाई सहयोग गर्दछ?

आ. पावलको आफूले नै व्यक्त गरेका उनको विगतको व्यक्तिगत इतिहासलाई कोट्याउँदा लज्जास्पद थिए। तर परमेश्वरले पावललाई क्षमा दिनुभयो र उहाँले उनलाई अत्यन्त शक्तिशाली रूपमा प्रयोग गर्नुभयो। हामीले जे गर्‍यौं त्यसबाट क्षमा पाएर परमेश्वरले प्रभाकारी रूपमा हामीलाई पनि प्रयोग गरुन् भनेर हामीले कसरी सिक्ने?